नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-

मिति :२०७८/१०/०३

### राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सूचना!!!

राष्ट्रिय परिचयपत्रको लागि देशका ७७ वटै जिल्ला प्रशासन कार्यालय, १९ वटा इलाका प्रशासन कार्यालयबाट अनलाइन विवरण प्रविष्ट (लाइभ इनरोलमेन्ट) गर्ने कार्य भइरहेको छ। २५ जिल्लामा वडास्तरबाट राष्ट्रिय परिचयपत्रको विवरण संकलन अभियान सम्पन्न भईसकेको र १३ जिल्लामा विवरण संकलन अभियान समेत जारी रहेको छ। २०७८ साल पौष मसान्तसम्म ५४,२५,०९० जना नागरिकको वैयक्तिक तथा जैविक विवरण संकलन कार्य सम्पन्न भईसकेको छ।

२०७८ मंसिर १ गतेदेखि विद्युतीय राहदानी बनाउँदा राष्ट्रिय परिचयपत्र नम्बर (NIN) अनिवार्य गरिएको र त्यसको आधारमा नागरिकको विवरण भिडाई एकिन गर्ने कार्य राष्ट्रिय परिचय सूचना प्रणालीबाट हुने गरी व्यवस्थापन गरिएकोले राष्ट्रिय परिचयपत्रको लागि विवरण प्रविष्ट नगरेको भए राहदानी बनाउन जाँदा आफ्नो जिल्ला प्रशासन कार्यालय/ईलाका प्रशासन कार्यालयमा विवरण प्रविष्ट गरी राष्ट्रिय परिचय नम्बर प्राप्त गर्नुहुन अनुरोध छ।

विद्युतीय राहदानीका लागि बाहिर जिल्लाबाट काठमाडौं आइसक्नु भएका महानुभावहरु आफ्नो जिल्लामा जान असहज भएमा यहाँहरुको हित एवं सूविधालाई मध्यनजर गरी तत्कालका लागि यस अघि विभागबाट प्रकाशित सूचनामा संशोधन गरी मिति २०७८।१०।०४ गते मंगलवारदेखि लागू हुने गरी तपशिल बमोजिम विवरण प्रविष्ट गर्ने स्थान तोकिएको व्यहोरा अनुरोध छ।

<u>तपशिल</u>

| क्र.सं | स्थान | तोकिएको क्षेत्र |
|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय, काठमाडौं, | बागमती प्रदेशका ललितपुर र भक्तपुर बाहेक सबै जिल्ला तथा प्रदेश नं. २ का पर्सा र धनुषा जिल्लाका सेवाग्राहीहरु |
| २. | जिल्ला प्रशासन कार्यालय, ललितपुर | कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका सवै र प्रदेश नं. २ का ससरी र सर्लाही जिल्लाका सेवाग्राहीहरु |
| ३. | नारायणहिटी दरवार परिसर (साविकको राहदानी विभाग) | प्रदेश नं. १, लुम्विनी र गण्डकी प्रदेशका सवै जिल्ला र प्रदेश नं. २ का सिराहा, महोत्तरी, बारा र रौतहट जिल्लाका सेवाग्राहीहरु |

<u>विवरण प्रविष्ट गर्न जाँदा निम्न कागजातहरु साथमा लिएर जानहुन अनुरोध छ;</u>

- नेपाली नागरिकताको सक्कल प्रमाणपत्र
- नागरिकताको प्रमाणपत्रमा जन्म मिति नखुलेकोमा सो खुल्ने प्रमाणपत्र
- बसाईं सराइ गरेको हकमा सोको सक्कल प्रमाणपत्र
- विवाहिताको हकमा नागरिकतामा पति वा पत्नीको नाम उल्लेख नभएमा विवाह दर्ता प्रमाणपत्र वा नाता खुल्ने प्रमाणको सक्कल
- राहदानी लिएकाको हकमा सक्कल राहदानी (सक्कल संभव भएसम्म)

७८।१०।०२

ललित कुमार बस्नेत
निर्देशक